गण्डकी प्रदेश सरकार

भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय

यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र कास्की

पोखरा, नेपाल

प.सं.:- २०८२/२०८३

च.नं.:-

२०८३ साउन १ गते सेवा प्रवाह बन्द रहने सम्बन्धी सूचना

मितिः- २०८३/०३/३२

प्रस्तुत विषयमा यस यातायात व्यवस्था कार्यालय, सवारीचालक अनुमतिपत्र, कास्कीमा सञ्चालनमा रहेको EDLVRS प्रणाली यहि मिति २०८३ साउन १ गतेबाट अनलाइन भुक्तानीको सुविधा सहित नयाँ प्रणालीमा जाने सम्बन्धमा यातायात व्यवस्था विभाग काठमाण्डौ तथा सातवटै प्रदेशको निर्णयबमोजिम मिति २०८३ साउन १ गतेदेखि नयाँ EDLVRS प्रणाली सञ्चालन हुने बेहोरा अनुरोध छ । यसका लागि गण्डकी प्रदेश आर्थिक ऐन, २०८३ बमोजिम नयाँ प्रणालीमा राजश्व तथा शुल्कको दर सेटअप तथा प्रणाली सञ्चालनका लागि आवश्यक तयारी समेत गर्नुपर्ने भएकोले EDLVRS बाट प्रवाह हुने सेवाहरु मिति २०८३ साउन १ गते एक दिनका लागि सेवा स्थगित गर्ने भनि गण्डकी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय, पोखराको मिति २०८३/०३/३१ गतेको माननीय मन्त्रिस्तरको निर्णय भएकोले यस कार्यालयबाट प्रवाह हुने देहायबमोजिमका सेवाहरु मिति २०८३ साउन १ गते बन्द रहने बेहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

बन्द रहने सेवाहरुः

लाइसेन्स नवीकरण, नयाँ तथा वर्ग थप आवेदन दर्ता, मेडिकल सेवा, सम्पूर्ण शीर्षकका राजश्व संकलन, रिट्रायल दर्ता, प्रमाणीकरण, विवरण सच्याउने लगायत

सेवा बन्द रहने मितिः २०८३ साउन १ गते शुक्रबार

यसबाट सेवाग्राहीमा पर्न गएको असुविधाप्रति कार्यालय क्षमाप्रार्थी छ ।

(पुनश्चः पूर्वनिर्धारित तालिका बमोजिमका लिखित तथा प्रयोगात्मक परीक्षा एवम् लाइसेन्स वितरण लगायतका सेवाहरु भने नियमित कार्यालय समय सम्म हुनेछन ।)

नि. कार्यालय प्रमुख